आज मिति २०८२ साल चैत्र ०१ गते आइतवारका दिन विहान १०:०० बजे नौमूले गाउँपालिकाका अध्यक्ष श्री छविराम सुवेदीज्यूको अध्यक्षतामा नौमूले गाउँकार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो ।

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री छविराम सुवेदी | अध्यक्ष | |
| २. | श्री गंग बहादुर शाही | उपाध्यक्ष | |
| ३. | श्री रुपेश कुमार थापा मगर | सदस्य (वडा नं. १, वडा अध्यक्ष) | |
| ४. | श्री दुर्ग प्रसाद शर्मा | सदस्य (वडा नं.२, वडा अध्यक्ष) | |
| ५. | श्री नर बहादुर पुरी | सदस्य (वडा नं. ३, वडा अध्यक्ष) | |
| ६. | श्री चन्द्रलाल बस्नेत | सदस्य (वडा नं. ४, वडा अध्यक्ष) | |
| ७. | श्री कृष्ण बहादुर सलामी | सदस्य (वडा नं. ५, वडा अध्यक्ष) | |
| ८. | श्री लाल बहादुर चन्द | सदस्य (वडा नं. ६, वडा अध्यक्ष) | |
| ९. | श्री टेक बहादुर सिजाली मगर | सदस्य (वडा नं. ७, वडा अध्यक्ष) | |
| १०. | श्री दिपक बहादुर हमाल | सदस्य (वडा नं. ८, वडा अध्यक्ष) | |
| ११. | श्री रन बहादुर सुनार | सदस्य | |
| १२. | श्री भिम बहादुर वि.क. | सदस्य | |
| १३. | श्री देवी सिंह (शाही) | सदस्य | |
| १४. | श्री कला नेपाली | सदस्य | |
| १५. | श्री करिमा सुनार | सदस्य | |
| १६. | श्री शिपकला बस्नेत | सदस्य | |
| १७. | श्री दमन दाहाल | प्रमुख प्रशासकीय अधिकृत | |
| | आमन्त्रित/सहयोगी कर्मचारीहरु | | |
| १. | इ. सुनील कु. महतो | इन्जीनियर | |
| २. | खड्ग बहादुर डाँगी | वरिष्ठ लेखा अधिकृत | |
| ३. | खगेन्द्र बहादुर रोकाय | कम्प्युटर अधिकृत | |
| ४. | इन्द्र बहादुर के.सी. | प्रशासकीय अधिकृत | |

CS CamScanner

# नौमूले गाउँकार्यपालिकाका बैठकको निर्णय

बैठक मितिः-२०८२/१२/०१ | समयः- बिहान ०९:०० बजे

स्थानः-नौमूले गाँउकार्यपालिकाको कार्यालय, दैलेख | बैठक संख्याः- ६./२०८१/०८२

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावमा छलफल गरी देहाय बमोजिमको निर्णय गरिएको छ ।

निर्णयहरुः-

निर्णय नं. १

कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेतको मिति २०८२/११/०१ को सूचना बमोजिम आ.व. २०८३/०८४ का लागि प्रदेश विषेश अनुदान र प्रदेश समपुरक अनुदान कार्यक्रमका लागि देहाय बमोजिमका योजनाहरु प्रथामिकरण गरी सम्बन्धित मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

देहायः

क) समपुरकतर्फः

| क्र.सं./ प्रथामिकता क्रम | योजनाको नाम | ठेगाना | कै. |
|---|---|---|---|
| १. | नौमूले बजारको पक्की पुल, लोहोंरे करिडोर हुँदै मोतिलाल बस्नेतको घर हुँदै नौमूले बजारको पक्की पुलसम्म नाला तथा सडक निर्माण योजना | नौमूले गाउँपालिका-१, दैलेख | |
| २. | ८ नं. वडा कार्यालय भवन निर्माण | नौमूले गाउँपालिका-८, दैलेख | |
| ३. | साँस्कृतिक सङ्ग्राहलय भवन निर्माण वडा नं. ५ | नौमूले गाउँपालिका-५, दैलेख | |

ख) विषेशतर्फः

| क्र.सं./ प्रथामिकता क्रम | योजनाको नाम | ठेगाना | कै. |
|---|---|---|---|
| १. | बाझो जग्गा सहकारी खेती | नौमूले गाउँपालिका, दैलेख | |
| २. | स्वास्थ्यको गुणस्तर प्रवर्द्धन सम्बन्धी | नौमूले गाउँपालिका, दैलेख | |
| ३. | शिक्षाको गुणस्तर सम्बन्धी | नौमूले गाउँपालिका, दैलेख | |

निर्णय नं. २

भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ एवम् नौमूले गाउँकार्यपालिकाबाट भएको भू-उपयोगको वर्गीकरणको मापदण्ड तथा आधारहरु २०८२ बमोजिम यस गाउँपालिका क्षेत्रको सम्पूर्ण जग्गाको हालको भू-उपयोग अनुसारको क्षेत्रगत वर्गीकरण भएको नक्सा र प्रत्येक वर्गमा पर्ने सम्पूर्ण कित्ता जग्गाहरुको विवरण (Cadastral inventory/land cadaster) तयार गरी B N B ENGINEERING

छविराम सुवेदी.
गा.पा. अध्यक्ष

दमन बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

CONSULTANCY AND SURVEYING HOUSE ले पेश गरेको प्रतिवेदनका सन्दर्भमा मिति २०८२/१०/०९ मा यस कार्यालयबाट सूचना प्रकाशन गरिएकोमा सो सूचना बमोजिम कुनै पनि प्रकारको कुनै पनि वडाबाट दाबी/विरोध प्राप्त नभएकोले उक्त प्रतिवेदन यस कार्यपालिकाबाट समेत स्वीकृत गरी कार्यान्वयनका लागि प्रतिवेदन सहित नापी कार्यालय, दैलेख, मालपोत कार्यालय, दैलेख र भूमी व्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालय, नापी विभाग, नयाँ वानेश्वरलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नौमूले गाउँपालिकाको कार्यालयले खरिद गरी ल्याएको ब्याको हो लोडर मेशिन संचालन र लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशी सम्बन्धी क्षेत्रको कार्य संचालन गर्नको देहाय बमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क. ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

ख. लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशी (GEDSI) योजना कार्यविधि, २०८२

निर्णय नं. ४

यस नौमूले गाउँपालिकाको कार्यालयले खरिद गरी ल्याएको ब्याक हो लोडर संचालनका लागि मिति २०८२/०९/०३ मा भएको विज्ञापन बमोजिम मिति २०८२/११/३० मा भएको प्रयोगात्मक र अन्तर्वार्ता परीक्षाबाट सफल भएका उम्मेदवारको देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

क. आ.व. २०८२/०८३ को जिल्दा दररेट बमोजिम मासिक तलबः २९,६००/- अक्षरुपी उन्तीस हजार छ सय मात्र ।

ख. ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम राजश्व संकलन गरेको अवस्थामा मेशिन संचालन भएको प्रति घण्टा रु. १००/- अक्षरुपी एक रुपैयाँ मात्र ।

ग. संचार खर्च वापत रु. ५००/- अक्षरुपी पाँच सय रुपैयाँ मात्र ।

CamScanner